

# १३ युगको अन्तको समयमा हृदयहरुलाई परमेश्वरतिर फर्काउनु

***यस अध्यायका मूल पदहरू:*** मलाकी ४:५,६, मत्ती ११:१४,१५, १७:१०, १ राजा १६:२९-१७:२४, १ राजा १८:२०-४५ र मत्ती ३:२।

***यस अध्यायको मूल सार पद:*** "५ "हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु। ६ त्यसले बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ, नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु।" (मलाकी ४:५,६)।

हाम्रो जीवन विभिन्न चरणहरूमा जिइरहेका हुन्छौं। कहिले हामीहरूको जीवन सुचारूरूपले राम्रैसँग चलिरहेको हुन्छ भने कहिले हुँदैन। कहिलेकाहीँ परिवारहरू एक भएर बलियो भएर बसेका हुन्छन् भने कहिलेकाहीँ परिवारको सम्बन्ध कमजोर हुन्छ र टुक्रिन्छ पनि।

हामी र हाम्रो परिवार जुनसुकै चरणमा वा कदममा गइरहेता पनि, वर्तमान अवस्थामा गुज्रिरहेको चाहे हामी होस् वा परिवार होस् हामीहरू परमेश्वरको प्रतिज्ञाको ज्योतिमा रहिरहनुपर्छ। ती प्रतिज्ञाहरूमा हामीहरूको सम्पूर्ण आशा र आत्मालाई च्याप्न दिइरहनुपर्छ। किनभने आखिरमा यस संसारमा हामीहरू जन्मनु र जिउनुको लक्ष्य ती प्रतिज्ञाहरूमा मात्र पाइन्छ। तर परमेश्वरले दिनुभएको प्रतिज्ञाहरूमा पाइएको आशा अत्यन्त महान् र अर्थमूलक छ। परमेश्वरको वचनमा भएका प्रतिज्ञाहरूको प्रवाहले हामीहरूको जीवन होस् वा परिवार होस् जुनसुकै चरणमा रहेतापनि ती प्रतिज्ञाहरू कुनै पौराणिक कालको निम्ति मात्र होइन न त कुनै विशेष राष्ट्र र जातिहरूको निम्ति मात्र हो, हामी प्रत्येकको निम्ति हो, हामीहरूका प्रियजनहरूको निम्ति हो, हामीहरूका परिवारहरूका निम्ति हो र हामीहरूको चर्चको निम्ति हो।

हामी यस पुस्तकको अन्तिम भागमा आइपुगेका छौं। यसमा हामी बाइबलका केही कथाहरू हेर्नेछौं। त्यहाँ भएका केही बहुमूल्य जीवनपयोगी प्रतिज्ञाहरू हेर्नेछौं र विभिन्न सन्दर्भका विभिन्न अनुभवहरू हेर्नेछौं। जब हामी ती कथा र अनुभवहरू बटुल्छौं तब जुनसुकै सन्दर्भहरूमा भएतापनि त्यसबाट हामीले सिक्नुपर्ने पाठ सिक्न खोज्नेछौं। तपाईं जहाँ भएतापनि, तपाईं जो भएतापनि, तपाईंको जीवन जुनसुकै चरणमा लागिरहेतापनि, तपाईं जतिसुकै संघर्षमा लागिरहनुभएतापनि, त्रास वा चिन्तामा फसि रहनुभएतापनि तपाईंले यो थाहा पाउन सक्नुहुन्छ कि तपाईं हामीले त्यो परमेश्वरको आराधना गर्दछौं जसलाई हामीले सामना गरिरहेका र गर्ने जिवनको अनुभव उहाँलाई थाहा छ।

## १. हृदय फर्किएकाहरूको भविष्यवाणी

**येशू पहिलो र दोस्रो पल्ट आउनुभन्दा अघि एलियाको आगमन हुन्छ भनेर पुरानो करारले बताएको थियो। त्यसको पुष्टि नयाँ करारले गरेको छ। हेर्नुहोस्: मलाकी ४:५,६ " ५ "हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु। ६ त्यसले बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ, नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु।" , मत्ती ११:१४,१५ " १३ किनकि यूहन्नाको समयसम्म सबै अगमवक्ताहरू र व्यवस्थाले अगमवाणी गरे। १४ तिमीहरू ग्रहण गर्न राजी हुन्छौ भने, आउनुपर्ने एलिया यिनी नै हुन्। १५ जसको सुन्ने कान छ, त्यसले सुनोस्।", मत्ती १७:१०-१३ " १० अनि चेलाहरूले उहाँलाई यसो भनेर सोधे, "तब किन शास्त्रीहरूले पहिले एलिया आउनुपर्छ भनी भन्छन्?" ११ उहाँले तिनीहरूलाई भन्नुभयो, "एलिया साँच्ची नै आउँछन्, र तिनले सबै कुरा फेरि सच्याउनेछन्। १२ तर म तिमीहरूलाई भन्दछु, 'एलिया अघि नै आएका छन्, अनि मानिसहरूले तिनलाई चिनेनन्, तर तिनलाई तिनीहरूले मनमानी गरे। त्यसरी नै मानिसको पुत्रले पनि तिनीहरूका हातबाट कष्ट भोग्नुपर्नेछ।" १३ तब उहाँले बप्तिस्मा-दिने यूहन्नाको विषयमा तिनीहरूलाई भन्नुभएको हो भनी चेलाहरूले बुझे।", मर्कू ६:१४-१५ " १४ हेरोद राजाले येशूको कीर्ति सुने, किनकि उहाँको नाउँ प्रचलित भएको थियो। कतिले भन्थे, "बप्तिस्मा-दिने यूहन्ना मरेकाबाट जीवित भएछन्, यसैले त तिनीद्वारा यस्ता शक्तिका काम भइरहेछन्।" १५ तर अरूहरूले भने, "यिनी एलिया हुन्। र अझै अरूहरूले भने, "यिनी त प्राचीन**

समयका अगमवक्ताहरूजस्तै एक अगमवक्ता हुन्।" र लूका १:११-१७ " ११ परमप्रभुका एक जना स्वर्गदूत धूप-वेदीको दाहिनेपट्टि उभिरहेका देखा परे। १२ जकरिया तिनलाई देखेर आत्तिए, र भयभीत भए। १३ तर दूतले तिनलाई भने, "नडराऊ जकरिया, किनभने तिम्रो प्रार्थनाको सुनाइ भएको छ। अब तिम्री पत्नी एलीशिबाले तिम्रो निम्ति एउटा छोरो जन्माउनेछिन्, र तिमीले तिनको नाउँ यूहन्ना राख्नू। १४ तिमीलाई रमाहट र आनन्द हुनेछ, र धेरै जना तिनको जन्ममा रमाउनेछन्। १५ किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन्। तिनले दाखमद्य र अरू कुनै पनि मद्य कहिल्यै पिउनेछैनन्, र आफ्नी आमाको गर्भदेखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन्। १६ तिनले इस्राएलका सन्तानहरूमा धेरैलाई तिनीहरूका परमप्रभु परमेश्वरतिर फर्काउनेछन्। १७ बाबुहरूका मन छोरा-छोरीहरूतिर र अनाज्ञाकारीहरूलाई धर्मीहरूको बुद्धितिर फर्काउन र प्रभुको निम्ति योग्य तुल्याइएको एक जाति तयार पार्न उहाँको अगि तिनी एलियाको आत्मा र शक्तिमा जानेछन्।"

येशू जन्मिनुभन्दा करिब ६०० वर्ष अघि अगमवक्ता मलाकीद्वारा परमेश्वरले इस्राएली राष्ट्रलाई आह्वान गर्नुभएको थियो "मतिर फर्क, र म तिमीतिर फर्किनेछु" तर उहाँको आह्वानलाई मानिसहरूले हठी जवाफ दिए, "होइन, हामी केमा फर्किने?" (मलाकी ३:७ रूपान्तरित)। दिक्क मान्दै अगमवक्ताले अझ घोषणा गरे कि नव जागरणको निम्ति अर्को एकपल्ट फेरि अवसर मिल्नेछ। मानिसहरूको हृदय परमेश्वरतिर फर्काएको सम्झना गर्दै (१ राजा १८:३७) मलाकीले उनको आगमनले "बाबुका हृदयहरू छोराछोरीहरूतिर र छोराछोरीहरूको हृदय बाबुहरूतिर फर्काउनेछन्" (मलाकी ४:६ रूपान्तरित)।

मसीह आउनुभन्दा अघि एलिया आउनुहुनेछ भन्ने भनाइ यहूदीहरूको परम्परामा प्रचलित थियो। यसलाई येशूले पनि पुष्टि गर्नुभएको थियो (मत्ती १७:१०, मर्कूस ६:१५)। तर बप्तिस्मा दिने यूहन्नाले त्यो भविष्यवाणी पूरा गरेका थिए भनेर नयाँ करारले बताउँछ (मत्ती ११:१४,१५, लूका १:१७)।

### "मन फर्काउनु"को अर्थ के होला?

यस वाक्यको प्रयोगात्मक अर्थ धेरै हुने सम्भावना छः इस्राएलका जनहरू र परमेश्वरको बीचमा मेलमिलाप। परमेश्वर पिता (यशैया ६३:१६) भएको हैसियतले आफ्ना सन्तानमाथि गरिएको उहाँको क्रोध हटाउनुभएको

थियो (मीका ७:१८,१९) र उहाँतिर फर्कन उहाँले आह्वान गर्नुहुन्छ (यशैया ४४:२२, मलाकी ३:७)। भविष्यका पीढीँहरू परमेश्वरप्रति बफादार भएमा तिनीहरूका पूर्खाहरूले गरेको करारसँग पुन जोड्न तिनीहरूलाई गरिएको आह्वान। विश्वासका पूर्खाहरूको विश्वासमा परमेश्वरका जनहरूलाई फर्कन पुरानो करारमा बारम्बार आह्वान गरिएको पाउँछौं। जुन देशमा ती जनहरू रहन चाहन्थे त्यो देश फलिफाप हुन परमेश्वरमाथिको तिनीहरूको निरन्तर विश्वास र भरको खाँचो परेको थियो (व्यवस्था ४:२९-३१)। पारिवारिक सम्बन्धमा पुनर्स्थापना र नविकरण भन्ने पनि त्यस वाक्यले बताउँछ। परमेश्वरसँग गरिएको करार विश्वाससाथ पालन गरिएको छ भनेर व्यवहारिक रूपमा बताउन बाबुआमा र छोराछोरीहरूको बीचको सम्बन्धले देखाउँछ। यहाँ पनि यदि परमेश्वरले दिनुभएको आशिष र उहाँले दिनुभएको ठाउँ निरन्तररूपमा उपभोग गर्न चाहने हो भने बाबुआमा र छोराछोरीहरूको बीचमा भएको जिम्मेवारी बराबरी हुनुपर्छ भन्ने पनि देखिन्छ। (हितोपदेश २:२१ " किनभने धर्मीहरू देशमा वास गर्नेछन्, र निर्दोष मानिसहरू त्यहाँ रहनेछन्")।

**परमेश्वरसँग सम्बन्धको पुनर्स्थापना र पारिवारिक सम्बन्धसँगको पुनर्स्थापनाको बीचमा के सम्बन्ध छ? एउटा हुन अर्को किन आवश्यक छ?**

## २. पारिवारिक पुनर्मिलन

इस्राएलका राजा आहाब यहूदी थिए। उनी केवल सृष्टिकर्ता परमप्रभु परमेश्वरको मात्र उपासना गर्ने राजा थिए। तर उनले ईजबेललाई विवाह गरे। उनी बिदेशी सिडोनकी (आधुनिक लेबनान) राजकुमारी थिइन् जो मूर्तिलाई पुजा गर्थिन्। उनले आफ्नो देशको मूर्तिपूजा गर्ने धर्मलाई इस्राएलमा भित्राइन् जसले गर्दा इस्राएल पतनको बाटोमा लाग्न थालेको थियो। विवाह, पारिवारिक मूल्यमान्यता, यौन सम्पर्कलाई शुद्धता अर्थात् पति र पत्नीबीचमा मात्र राख्नुपर्ने परमेश्वरको उच्च आदर्शमय शिक्षालाई यजबेलको धार्मिक र सामाजिक चलनले छोपेको थियो। परिवारमा दाजुभाइ दिदीबहिनीको बीचमा यौन सम्पर्क गर्ने चलन, बेश्याबृत्ति र जथाभावी यौन दुराचारमा लाग्न रानी यजबेलको धर्मको परम्परा थियो। बालदेवटा अर्थात् सन्तानेश्वर तथा मौसमको देवताको मूर्तिलाई पूजा गरेर इस्राएलका मानिसहरूले परमेश्वरको उपासना गर्न छोडेका थिए। अनि त्यहाँ सच्चा परमेश्वर र मूर्ति पूजा गर्ने धर्म अर्थात् बालदेवतालाई मान्नेको बीचमा द्वन्द्व भयो। त्यसबेला एलियाले हस्तक्षेप गरे।

उनको नाउँको अर्थ नै "यहोवा मेरो परमेश्वर हो" भन्ने भएकोले बालदेवताको धर्मलाई चुनौति दिएका थिए।

देहायको बृतान्तमा एलियाले मूर्तिपूजा गर्ने संस्कारलाई घोप्ट्याएको देखिन्छ र उनले इस्राएलीहरूको बीचमा पारिवारिक जीवनमा पुनर्जागरण ल्याएका थिए भनेर उल्लेख गरिएको छ। हेर्नुहोस्: १ राजा १६:२९-३४ "२९ यहूदाका राजा आसाको अठतीसौं वर्षमा ओम्रीका छोरा आहाब इस्राएलका राजा भए, र तिनले सामरियामा इस्राएलमाथि बाईस वर्ष राज्य गरे। ३० ओम्रीका छोरा आहाबले आफ्ना अघिका सबै राजाहरूभन्दा परमप्रभुको दृष्टिमा अझ बढ़ी दुष्ट्याइँ गरे। ३१ नबातका छोरा यारोबामका पापी चालहरूमा हिँड्न तिनको निम्ति कम भएजस्तो मात्र होइन, तर तिनले सीदोनीहरूका राजा एताबालकी छोरी ईजेबेललाई पनि विवाह गरे, र बाल देवताको सेवा गरेर त्यसलाई पुज्न लागे। ३२ सामरियामा तिनले बनाएको बालको मन्दिरमा बालको निम्ति एउटा वेदी बनाए। ३३ आहाबले अशेरा देवीको मूर्ति पनि खड़ा गरे, र तिनले आफ्ना अघिका इस्राएलका सबै राजाहरूभन्दा बढ़ी परमप्रभु इस्राएलका परमेश्वरलाई रीस उठाउने काम गरे। ३४ आहाबको समयमा बेथेलका हीएलले यरीहोलाई पुनर्निर्माण गरे। त्यसको जग बसाल्दा तिनको जेठो छोरो अबीरामको मृत्यु भयो, र त्यसका मूल ढोकाहरू बनाउँदा तिनको कान्छो छोरो सगूबको मृत्यु भयो। यसरी परमप्रभुले नूनका छोरा यहोशूद्वारा भन्नुभएको वचन पूरा भयो।", १ राजा १७ "१ अब गिलादको तिश्बेका तिश्बी एलियाले आहाबलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर जसको सेवा म गर्दछु, उहाँको जीवित नाउँमा शपथ खाएर म भन्दछु, कि मेरो वचनविना आगामी केही वर्षहरूभरि न त शीत पर्नेछ न केही पानी पर्नेछ। २ तब परमप्रभुको यो वचन एलियाकहाँ आयो: ३ "यो ठाउँ छोड़ेर पूर्वतिर लाग्, र यर्दनको पूर्वतिर भएको करीतको खोल्सामा गएर लुकिबस्। ४ तिमीले खोलाको पानी पिउनू, र तिमीलाई त्यहाँ खुवाउनलाई मैले कागहरूलाई हुकुम गरेको छु।" ५ यसैले परमप्रभुले भन्नुभएझैं तिनले गरे। तिनी यर्दनको पूर्वतिर भएको करीत खोल्सामा गएर बसे। ६ त्यहाँ कागहरूले तिनलाई बिहान रोटी र मासु र बेलुकी रोटी र मासु ल्याइदिए, र तिनले खोलाको पानी पिए। ७ केही समयपछि देशमा पानी नपरेकोले त्यो खोलाको पानी सुक्यो। ८ तब परमप्रभुको यो वचन तिनीकहाँ आयो: ९ "अब झट्टै सीदोनका सारपतमा गएर त्यहाँ बस्नु। तिमीलाई खुवाउन मैले त्यस ठाउँमा एउटा विधवालाई आज्ञा गरेको छु।" १० यसैले तिनी सारपतमा गए। जब तिनी सारपतको मूल ढोकामा

आइपुगे, तब तिनले एउटी विधवालाई दाउरा बटुलिरहेकी देखे। तिनले हपारेर
त्यसलाई भने, "कृपा गरी एउटा लोहोटामा मलाई अलिकता पानी पिउनलाई
ल्याइदेऊ।" ११ त्यो विधवा पानी ल्याउनलाई जाँदाजाँदै तिनले फेरि हपारेर
त्यसलाई भने, "कृपा गरी एक टुक्रा रोटी मलाई ल्याइदेऊ।" १२ त्यस
विधवाले जवाफ दिई "जीवित परमप्रभु तपाईंका परमेश्वरको नाउँमा शपथ खाएर
म भन्छु, कि भाँड़ामा एक मुट्ठी पीठो र ढुङ्ग्रोमा अलिकता तेलबाहेक मसित
केही रोटी छैन। म आफै र मेरो छोराको निम्ति खानेकुरा बनाएर खाई मर्नलाई
घरमा केही झिँजामिजा लानलाई खोज्दैछु।" १३ एलियाले त्यसलाई भने,
"नडराऊ, घर गएर तिमीले भनेझैं गर। तर पहिले तिमीसित जे छ त्यसको
एउटा सानो रोटी बनाएर मकहाँ ल्याऊ, र त्यसपछि तिमी र तिम्रो छोराको
निम्ति केही बनाऊ। १४ किनकि परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः
'देशमा परमप्रभुले पानी नपठाउञ्जेल भाँड़ाको पीठो सिद्धिनेछैन र ढुङ्ग्रोको तेल
रित्तिनेछैन'।" १५ त्यो विधवा गएर एलियाले भनेझैं गरी। यसैले एलियाको
निम्ति र त्यो र त्यसका परिवारको निम्ति दिनहुँ खानेकुरा भयो। १६ किनकि
एलियाद्वारा परमप्रभुले भन्नुभएझैं भाँड़ाको पीठो सिद्धिएन, र ढुङ्ग्रोको तेल पनि
रित्तिएन। १७ केही समयपछि त्यो स्त्री, त्यस घरकी मालिक्नीको छोरो बिरामी
पऱ्यो, र त्यो झन्-झन् सिकिस्त हुँदैगयो, अनि आखिरमा त्यसले सास फेर्न पनि
छोड्र्यो। १८ तब त्यस स्त्रीले एलियालाई भनी, "हे परमेश्वरका जन, तपाईंको
मेरो विरुद्धमा के छ? के तपाईं यहाँ मेरो पाप सम्झाएर मेरो छोरालाई मार्न
आउनुभएको हो?" १९ एलियाले जवाफ दिए, "तिम्रो छोरो यहाँ मलाई देऊ।"
एलियाले त्यसलाई त्यस स्त्रीका हातबाट लिएर आफू बसेको माथिल्लो कोठामा
लगे, र त्यसलाई आफ्नो ओछ्यानमा राखे। २० त्यसपछि तिनले परमप्रभुलाई
हपारेर भने, "हे परमप्रभु मेरा परमेश्वर, के म जसकहाँ बसेको छु त्यसको
छोरालाई मारेर त्यस विधवामाथि यो विपत्ति तपाईंले ल्याउनुभएको हो?" २१ तब
तिनी तीन पल्ट त्यस बालकमाथि लमतन्न परे, र परमप्रभुलाई हपारेर भने, "हे
परमप्रभु मेरा परमेश्वर, फेरि यस बालकको जीवन यसमा फर्कोस्।" २२
परमप्रभुले एलियाको पुकार सुन्नुभयो, र त्यसमा जीवन फर्क्यो र त्यो बाँच्यो।
२३ एलियाले बालकलाई उठाएर कोठाबाट तल घरमा लगे। त्यसकी
आमालाई तिनले दिएर यसो भने, "हेर त, तिम्रो छोरो जिउँदैछ।" २४ तब त्यस
विधवाले एलियालाई भनी, "अब मलाई यो थाहा भयो, कि तपाईं परमेश्वरका जन
हुनुहुँदोरहेछ, र तपाईंको मुखबाट निस्केको परमप्रभुको वचन सत्य रहेछ।" र

**लूका ४:२५,२६ "२५ तर वास्तवमा म तिमीहरूलाई भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै विधवाहरू थिए, त्यस बेला जब साढ़े तीन वर्ष वृष्टि रोकियो, यहाँसम्म कि सारा देशमा ठूलो अनिकाल परेको थियो। २६ तर एलिया सीदोन देशको सारपतमा भएकी एउटी विधवाकहाँ मात्र पठाइए, अरू कसैकहाँ पठाइएनन्।"**

एलियाले इस्राएली भूमिमा खडेरी हुने श्रापको समाचार राजा आहाबलाई सुनाए तब उनको टोउकोको मोल राजाले तोकेका थिए। अर्थात् उनी जहाँ भएतापनि उनलाई मार्न आदेश राजाले दिएका थिए। परमेश्वरको अगुवाइमा एलिया ईजेबेलकै देश सिडोनमा रहेको जारपाथ भन्ने गाउँमा एक विधवीको घरमा शरण लिन गए। एलियाले त्यस विधवीलाई अन्नको माध्यमबाट जाँच गरेर अभिवादन गरे। विधवासँग भएको अन्तिम दाउरा बालेर अन्तिम तेलले पिठोलाई मुछेर आफूलाई रोटी ख्वाउन एलियाले अऱ्हाए। विधवाको निम्ति परमेश्वरप्रति पूरा भरोसा राख्ने जाँच थियो। जीवित परमेश्वरमाथि उनको आस्था किवदन्ती अर्थात् पुराण जस्तै भएको थियो। पछि येशूले पनि उनको कदमलाई सराहना गर्नुभएको थियो (लूका ४:२६)। एलियाको निर्देशनमा त्यस विधवाले अरू भाँडाहरू घरमा ल्याएकी थिइन्। पिठो राख्ने भाँडोबाट पिठो र तेलका भाँडाहरूबाट तेल अनिकाल नसिद्धिउञ्जेल अचम्मतरिकाले भरिरहेको थियो। त्यसले गर्दा ती विधवाले यहोवा परमेश्वरको बारेमा अझ धेरै ज्ञान पाउने अवसर पाएकी थिइन्। पछि त्यस विधवाकी छोरा मऱ्यो। उनले एलियालाई पोखाएको दुखेसोमा उनको वरिपरि रहेका धर्मको संस्कारलाई प्रतिबिम्बित गरेको थियो। जुन् संस्कार इस्राएलमा पनि सरेको थियो। त्यो संस्कारले देवताहरूलाई खुशी पार्न बालकलाई बलि दिने चलन थियो (१ राजा १७:१८ "१८ तब त्यस स्त्रीले एलियालाई भनी, "हे परमेश्वरका जन, तपाईंको मेरो विरुद्धमा के छ? के तपाईं यहाँ मेरो पाप सम्झाएर मेरो छोरालाई मार्न आउनुभएको हो?" , यर्मिया १९:४,५ "४ तिनीहरूले मलाई त्यागेका छन् र यो ठाउँ विदेशी देवताहरूको ठाउँ बनाएका छन्। तिनीहरू आफूले, तिनीहरूका पिता-पुर्खाहरूले र यहूदाका राजाहरूले नचिनेका अरू देवताहरूका लागि बलिदानहरू जलाएर तिनीहरूले यस ठाउँलाई निर्दोषहरूको रगतले भरेका छन्। ५ तिनीहरूले आफ्ना छोराहरूलाई बाल देवताको लागि आगोमा होमबलि चढ़ाउनलाई बाल देवताका अल्गा-अल्गा ठाउँहरू बनाएका छन्, जुन गर्नलाई मैले न त भनेको थिएँ न सोचेको थिएँ, न

मेरो मनमा कहिल्यै यस्तो कुरो पसेको थियो।" र मीका ६:७ "के परमप्रभु हजारौं भेड़ाहरू र तेलका दश हजार नदीसित प्रसन्न हुनुहुन्छ र? के म आफ्नो अपराधको लागि मेरो जेठो छोरालाई र मेरो प्राणको पापको लागि मेरो शरीरको फललाई चढ़ाऊँ? "))।

**एलियाले प्रार्थना गरेपछि त्यस फिनोशियाकी विधवाको छोरो जीवित भएको थियो। त्यस घट्नाले गर्दा विधवाको आस्थामा नयाँ अनुभव थपिएको थियो। परमेश्वरको बारेमा उनले व्यक्त गरेका टिप्पणीबाट हामीले के सिक्न सक्छौं? हेर्नुहोस् १ राजा १७:२४ " तब त्यस विधवाले एलियालाई भनी, "अब मलाई यो थाहा भयो, कि तपाईं परमेश्वरका जन हुनुहुँदोरहेछ, र तपाईंको मुखबाट निस्केको परमप्रभुको वचन सत्य रहेछ।"**

आफ्नो छोरो जीवित भएपछि आमाले परमेश्वरप्रति आभारी भएर जुन् प्रतिक्रिया जनाइन् त्यसले एलियाको सन्देशमा प्रभाव कस्तो पारेको रहेछ भनेर देखाउँछ। जब परमेश्वरको शक्तिलाई आफ्नो जीवनमा काम गर्न दिइयो भने परमेश्वर र उहाँको वचनमाथि विश्वास उम्रिन थाल्छ। नयाँ जीवनको पुनर्स्थापना हुन्छ र परिवारहरूको बीचमा मिलन हुन्छ। आज मानिसहरूले धेरै शिक्षादीक्षाहरू सिकाउँछन्, बाइबलकै विषयलाई प्रचार गर्छन् कतिपय ती मानिसहरूको आत्मिक अनुभव शिथिल छ र मनतातो छ। तर कसैले परमेश्वरको वचनलाई व्यक्तिगत रूपमा अनुभव गर्दछन् त्यहाँ पुनर्जागरण हुन्छ, टुटेको घरपरिवारको पुनर्मिलन हुन्छ र परमेश्वरप्रति समर्पित हुने गहिरो चेतना हृदयदेखि प्रवाकारीरूपमा उम्रन्छ।

**परिवारको पुनर्मिलन होस् भन्ने तपाईंको कामना कस्तो छ? को को परिवारहरूसँग तपाईं मिलून भन्ने तपाईंको चाहना छ? यस पुनर्मिलनको लागि परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू के के छन् जसमा तपाईंले आशा गरेर च्यापीरहनुभएको छ?**

## ३. परमेश्वरको बेदीमा आफ्नो हृदय फर्काउनु

**१ राजा १८ पढ्नुहोस् र विशेष गरेर पद २०-४५मा ध्यान दिनुहोस्। यहाँ लेखिएको बृतान्त विशेष गरेर के को बारेमा छ सो केही हरफहरूमा लेख्नुहोस्। त्यो बृतान्त हामीहरूको भन्दा अलग्गै समय र सन्दर्भमा भएतापनि त्यसमा के नितिहरू छन् जुन् हामीहरूको पारिवारिक जीवनमा लागु गर्न सक्छौं? हेर्नुहोस्ः "१ धेरै समयपछि तेस्रो वर्षमा परमप्रभुको यो वचन एलियाकहाँ आयोः**

"गएर आहाबकहाँ तिमी आफै उपस्थित होऊ, र म देशमा वृष्टि पठाउनेछु।" २
यसैले एलिया आहाबकहाँ आफै उपस्थित हुनलाई गए। त्यस बेला सामरियामा
घोर अनिकाल परेको थियो, ३ र आहाबले आफ्नो राजमहलका जिम्मावाल
ओबदियालाई बोलाइपठाए। (ओबदिया परमप्रभुका एक भक्त विश्वासी थिए। ४
जब ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई हत्या गरिरहेकी थिइन्, तब
ओबदियाले एक सय जनालाई लिएर तिनीहरूलाई अन्नपानी दिएर पचास-पचास
गरी दुई ओड़ारमा लुकाइराखेका थिए।) ५ आहाबले ओबदियालाई भनेका थिए,
"देशका चारैतिर सबै खोलानाला र बेंसीहरूतिर जाऊ। शायद हामीले घोड़ाहरू
र खच्चरहरूलाई जीवित राख्न केही घाँस पाउन सक्छौं होला, र हामीले हाम्रा
पशुहरूलाई मार्नुपर्नेछैन।" ६ यसैले तिनीहरू निरीक्षण गर्नलाई आपसमा देश
बाँड़ि, र आहाब एकलै एकातिर र ओबदिया अर्कोतिर लागे। ७ जब ओबदिया
बाटोमा हिँड़िरहेका थिए, तब एलियाले उनलाई भेटे। ओबदियाले तिनलाई चिनेर
भूइँसम्मै घोप्टो परेर भने, "हे मेरा प्रभु, के तपाईं साँच्चै एलिया नै हुनुहुन्छ कि?"
८ तिनले जवाफ दिए, "म नै हुँ। 'एलिया यहाँ छ' भनी गएर तिम्रा मालिकलाई
भन।" ९ ओबदियाले सोधे, "मैले के गल्ती गरें र तपाईं आफ्नो दासलाई मार्न
भनी आहाबको हातमा सुम्पँदैहुनुहुन्छ? १० जीवित परमप्रभु तपाईंका परमेश्वरको
नाउँमा शपथ खाएर म भन्छु, कि मेरा मालिकले तपाईंलाई खोज्न भनी कसैलाई
नपठाउनुभएको कुनै जाति अथवा राज्य बाँकी छैन। अनि जब कुनै जाति वा
राज्यले तपाईं त्यहाँ हुनुहुन्न भनी दाबी गरे, तब तिनले 'हामी त्यसलाई पाउन
सकेनौं' भनी उनीहरूलाई शपथ खान लाए। ११ तर अब तपाईं मलाई
भन्नुहुन्छ, 'गएर तिम्रा मालिकलाई एलिया यहाँ रहेछ भनी भन'। १२ मैले
तपाईंलाई छोड्ने बित्तिकै परमप्रभुका आत्माले तपाईंलाई कहाँ लगिहाल्नुहोला?
यदि मैले गएर आहाबलाई भनें र तिनले तपाईंलाई भेट्टाएनन् भने, मलाई नै
मार्नेछन्। तापनि म तपाईंको दासले त मेरो बाल्यावस्थादेखि नै परमप्रभुको
आराधना गर्दैआएको छु। १३ हे मेरा प्रभु, जब ईजेबेलले परमप्रभुका
अगमवक्ताहरूलाई मार्दैथिइन्, तब मैले के गरें भनी तपाईंले सुन्नुभएको छैन र?
मैले पचास-पचास गरी तिनीहरूमध्येका एक सय जनालाई ओड़ारमा लुकाइराखें
र तिनीहरूलाई अन्नपानी जुटाइदिएँ। १४ अनि अब तपाईं मलाई भन्नुहुन्छ,
'गएर तिम्रा मालिकलाई एलिया यहाँ रहेछ भनी भन'। तिनले त मलाई
मारिहाल्नेछन्। १५ एलियाले भने, "सर्वशक्तिमान् परमप्रभु जसको सेवा म गर्दछु,
उहाँको जीवनमा शपथ खाएर म भन्दछु, म आज निश्चय नै आहाबकहाँ स्वयम्

उपस्थित हुनेछु।" १६ तब ओबदिया आहाबलाई भेट्न गए, र तिनलाई भनिदिए,
र आहाब एलियालाई भेट गर्न गए। १७ जब आहाबले एलियालाई देखे, तब
तिनले एलियालाई भने, "इस्राएललाई कष्ट दिने तिमी नै हौ?" १८ एलियाले
जवाफ दिए, "इस्राएललाई कष्ट मैले दिएको होइनँ, तर तपाईं र तपाईंका
पिताका परिवारले पो हो। तपाईं परमप्रभुका आज्ञा त्यागी बाल देवताहरूको
पछि लाग्नुभएको छ। १९ अब तपाईंले मलाई कर्मेल डाँड़ामा भेट गर्न
इस्राएलबाट सारा मानिसहरूलाई बोलाउनुहोस्। अनि बालका ती चार सय
पचास अगमवक्ता र अशेराका चार सय अगमवक्ता, जसले ईजेबेलको टेबिलमा
बसेर खाने गर्दछन्, ती पनि ल्याएर आउनुहोस्।" २० यसैले आहाबले समस्त
इस्राएलीहरूमा समाचार पठाए, र सबै अगमवक्ताहरूलाई कर्मेल डाँड़ामा भेला
गराए। २१ एलियाले मानिसहरूका अगि आएर भने, "तिमीहरू कहिलेसम्म
दोधारमा बसिरहन्छौ? यदि परमप्रभु नै परमेश्‍वर हुनुहुन्छ भने उहाँलाई
पछ्याओ। तर यदि बाल परमेश्‍वर हो भने त्यसलाई पछ्याओ।" तर
मानिसहरूले केही भनेनन्। २२ तब एलियाले तिनीहरूलाई भने, "परमप्रभुका
अगमवक्ताहरूमा त केवल म मात्र बाँकी रहेको छु, तर बालका त चार सय
पचास अगमवक्ताहरू छन्। २३ अब हाम्रा निम्ति दुई वटा साँढ़े ल्याओ।
उनीहरूले आफ्ना निम्ति एउटा छानेर टुक्रा-टुक्रा गरी काटेर आगो नलगाईकन
दाउरामाथि राखून्। अनि मचाहिँ त्यो अर्कोलाई तयार गरेर आगो नलाईकन
दाउरामाथि राख्नेछु। २४ तब तिमीहरू आफ्नो देवता पुकार, र म परमप्रभुको
नाउँ पुकार्नेछु। त्यो देवता जसले आगोद्वारा जवाफ दिनुहुन्छ, त्यही नै परमेश्‍वर
हुनुहुन्छ।" तब सबै मानिसहरूले भने, "तपाईंले भन्नुभएको कुरा असल हो।"
२५ एलियाले बालका अगमवक्ताहरूलाई भने, "एउटा साँढ़े छान, र त्यसलाई
पहिले तयार गर, किनभने तिमीहरू यति धेरै छौ। आफ्नो देवताको नाउँ पुकार,
तर आगोचाहिँ नलगाओ।" २६ यसैले आफूहरूलाई दिएको साँढ़े उनीहरूले
लिएर तयार गरे। तब बालको नाउँ लिएर उनीहरूले बिहानदेखि मध्यान्हसम्म
यसो भनेर पुकारे, "हे बाल, हामीलाई जवाफ दिनुहोस्।" तर केही प्रत्युत्तर
आएन। अनि आफूहरूले बनाएको वेदीको वरिपरि उनीहरू खूब उफ्रँदै नाचे।
२७ मध्यदिनमा एलियाले यसो भनेर उनीहरूलाई ठट्टा गर्न लागे, "अझ जोरसित
कराओ। निश्‍चय नै त्यो त देवता हो! शायद ऊ घोर ध्यानमा मग्न होला,
अथवा काममा व्यस्त होला वा यात्रामा गएको होला। शायद ऊ सुतिरहेको
होला र उठाउनुपर्छ।" २८ यसैले उनीहरू अझै जोरसित कराए, र उनीहरूको

दस्तूरअनुसार तरवार र भालाले रगत नबगुञ्जेल आफैलाई चोट पारे। २९
मध्यदिन बित्यो, र साँझको बलिदान चढ़ाउने बेलासम्म उनीहरूले बरबराउँदै
अगमवाणी कहँदैरहे। तर कुनै प्रत्युत्तर आएन, कसैले जवाफ दिएन, न कसैले
ध्यान नै दिए। ३० तब एलियाले सबै मानिसहरूलाई भने, "यहाँ मकहाँ
आओ।" तिनीहरू तिनीकहाँ आए। त्यसपछि परमप्रभुको भत्केको वेदीलाई
तिनले मरम्मत गरे। ३१ एलियाले बाह्र वटा ढुङ्गा लिए, प्रत्येक ढुङ्गा याकूबबाट
आएको एक-एक कुलको निम्ति, जसकहाँ परमप्रभुको यसो भन्ने वचन आएको
थियो, "तिम्रो नाउँ इस्राएल हुनेछ।" ३२ ती ढुङ्गाहरू लिएर तिनले परमप्रभुको
नाउँमा एउटा वेदी बनाए। तिनले त्यस वेदीको वरिपरि पन्ध्र लिटर जति बीउ
जाने ठूलो खाड़ल खने। ३३ तिनले दाउरा मिलाए र त्यस साँढ़ेलाई टुक्रा-टुक्रा
काटेर दाउरामाथि राखे। तब तिनले तिनीहरूलाई भने, "चार गाग्रा पानी भरेर यो
बलि र दाउरामाथि खन्याइदेओ।" ३४ तिनले भने, "फेरि त्यसै गर।" अनि
तिनीहरूले फेरि त्यसै गरे। तिनले हुकुम गरे, "तेस्रो खेप पनि त्यसै गर।"
तिनीहरूले तेस्रो खेप त्यसै गरे। ३५ पानी वेदीका चारैतिर पोखिएर खाड़ल पनि
भरियो। ३६ बलिदानको बेलामा एलिया अगमवक्ताले अगि बढ़ेर प्रार्थना गरे, "हे
परमप्रभु, अब्राहाम, इसहाक र इस्राएलका परमेश्वर, इस्राएलमा तपाईं परमेश्वर
हुनुहुन्छ, र मचाहिँ तपाईंको दास हुँ, र यी सबै काम तपाईंको आज्ञाअनुसार मैले
गरेको छु भनी आज थाहा होस्। ३७ मलाई जवाफ दिनुहोस्, हे परमप्रभु, जवाफ
दिनुहोस्, र यी मानिसहरूले जानून्, कि तपाईं परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र
तपाईंले नै तिनीहरूका मन फर्काउँदैहुनुहुन्छ।" ३८ तब परमप्रभुको आगो बर्स्यो
र आगोले बलिदान, दाउरा, ढुङ्गाहरू र माटो भस्म पार्‍यो, र खाड़लको पानी पनि
सुकाइदियो। ३९ जब सबै मानिसहरूले यो देखे, तब तिनीहरू भूइँमा घोप्टो परी
कराएर भने, "परमप्रभु उहाँ नै परमेश्वर हुनुहुँदोरहेछ! परमप्रभु, उहाँ नै परमेश्वर
हुनुहुँदोरहेछ!" ४० तब एलियाले तिनीहरूलाई हुकुम गरे, "बालका
अगमवक्ताहरूलाई पक्र। एउटै पनि उम्कन नपाओस्।" तिनीहरूले उनीहरूलाई
पक्रे, र एलियाले उनीहरूलाई तल कीशोन खोलामा ल्याउन लगाएर उनीहरूलाई
मारे। ४१ अनि एलियाले आहाबलाई भने, "गएर खानपान गर्नुहोस्, किनभने म
ठूलो झरी आइरहेको सुन्दैछु।" ४२ तब आहाब खानपान गर्न गए, तर
एलियाचाहिँ कर्मेल डाँड़ाको टाकुरामा चढ़े, र त्यहाँ तिनले भूइँमा निहुरेर आफ्नो
टाउको घुँड़ाहरूका बीचमा राखे। ४३ तिनले आफ्नो चाकरलाई भने, "गएर
समुद्रतिर हेर्।" त्यसले गएर हेर्‍यो। त्यसले भन्यो, "त्यहाँ केही छैन।"

**एलियाले सात पल्ट त्यसलाई “गएर हेर्” भने। ४४ सातौं पल्टमा चाकरले भन्यो, “मान्छेको हात जत्रो एउटा बादल समुद्रबाट उठ्दैछ। तब एलियाले त्यसलाई भने, “गएर आहाबलाई भन, ‘आफ्नो रथ तयार गरेर तल गइहाल्नुहोस्, नत्रता तपाईंलाई पानीले रोक्नेछ।” ४५ यसै बीचमा कालो बादलले आकाश छायो, हुरी चल्यो र ठूलो पानी पर्न लाग्यो, र आहाब आफ्नो रथमा चढ़ेर यिजरेलमा गए। ४६ परमप्रभुको शक्ति एलियामाथि पऱ्यो, र आफ्नो खास्टो पटुकामा लपेटेर तिनी यिजरेलसम्मै आहाबको अगिअगि बाटोमा कुदे।" (एलिया २५ माइल अर्थात् ४० किलोमिटर दगुरेका थिए)।**

---

---

------------------------------------------------------------------------

---

इस्राएलीहरूले परमेश्वरसँग बाँधेको करार फेरि बाँधियोस् भन्ने उनको तिब्र चाहना थियो। तिनीहरूका पूर्खाहरूमा भएका विश्वासबाट ती इस्राएलीहरू राष्ट्रियरूपमा नै पछाडि हटेका थिए। तर एलियाको अभियानमा तिनीहरूले परमेश्वरतिर फर्कियून्, तिनीहरूको जीवनमा भएका आत्मिक चोटहरू निको होउन्, तिनीहरूको घर परिवार सत्यमा लागून् र जमीन फलिफाप होस् भन्ने एलियाको चाहना थियो।

*बलिपूजा गर्ने बेलुकाको समय।* बाल देवताको पूजारीहरूले दिनभरी लगाएर आफ्नो देवतासँग आकाशबाट आगो पठाउन ढ्याङ्ग्रो ठटाएर हुन्छ कि, नाचेर हुन्छ कि, उफ्रेर हुन्छ कि, गाएर चिच्याएर हुन्छ कि, देवतालाई खुशी पार्न आफूले आफैलाई छुरीले काटेर हुन्छ कि यावत तरिकाले प्रार्थना गरेका थिए। तर अनेकौं चर्तिकलाहरूदेखाएर देवतालाई खुशी पार्न दिनभरी गरिएको तिनीहरूको प्रयास खेर गएको थियो। तिनीहरूको देवताले आकाशबाट आगो वर्षाएर बेदीको बलि भष्म पारेन। अनि एलियाको पालो आयो। उनले जानाजान बेलुकीको समय चुने। जुन समयलाई एलियाले चुनेका थिए त्यो समय मन्दिरमा गर्ने मुक्तिको योजनाको सेवाकार्य थियो ("४१ अर्कोचाहिँ थुमा बेलुकी चढ़ाउनू, र त्यससँग बिहानको जस्तै अन्नबलि र अर्घबलि होस्। परमप्रभुको निम्ति मीठो बास्ना भएको, आगोद्वारा चढ़ाइएको बलि त्यो होस्" प्रस्थान २९:४१)। यलियाले मानिसहरूलाई "म कहाँ आओ"

(१ राजा १८:३०) भनेर गरेको आह्वानले हामीलाई येशूको आह्वानको सम्झना गराउँछ (मत्ती ११:२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।" जुन बाबुआमाहरू आफ्ना छोराछोरीहरू बरालिएको देख्दा पीडामा पर्छन् तिनीहरूमा यो ढुक्क हुनुपर्दछ कि परमेश्वरले इस्रायलीहरूलाई जस्तै तिनीहरूलाई पनि माया गर्नुहुन्छ। आफूबाट तर्किएर गएका मानिसहरूलाई आफूतिर तान्न परमेश्वरले निरन्तररूपमा भरमग्दुर प्रयास गर्नुहुन्छ।

यहोवाको बेदीको सामु मानिसहरूलाई एलियाको बोलावट अर्थपूर्ण छ। हाम्रो समयमा हाम्रा परिवारहरूको सामु येशू र उहाँको मुक्तिदिने अनुग्रहलाई उचाल्नु हो। परिवारमा परिवारलाई र परमेश्वरसँगको सम्बन्धमा मजबुत बनाइराख्न आराधनाको समय अत्यन्तै महत्त्वपूर्ण हुन्छ। यस समय परमेश्वरसँग प्रार्थनाद्वारा कुरा गर्नु हो, एक आपसमा दिल खोलेर कुराकानी गर्नु हो, उहाँले हामीलाई सित्तैंमा दिनुभएको मुक्तिलाई नविकरण गर्नु र उहाँको शिक्षादीक्षामा हामीहरूले ध्यान दिएर त्यसबारे चिन्तन गर्नु हो।

इस्राएलीहरूले जतिसुकै घिनलाग्दा पापहरू गरेतापनि तिनीहरूको सामु एलियाको प्रार्थनको जवाफ दिनुको अर्थ परमेश्वरले ती मानिसहरूको मन फर्काएर ल्याउनुभएको चिन्ह थियो। १ राजा १८:३७मा एलियाको प्रार्थना थियो "मलाई जवाफ दिनुहोस्, हे परमप्रभु, जवाफ दिनुहोस्, र यी मानिसहरूले जानून्, कि तपाईं परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र तपाईंले नै तिनीहरूका मन फर्काउँदैहुनुहुन्छ।" हामी आफैले परमेश्वरतिर हामीहरूको हृदय फर्काउन सक्दैनौं तर उहाँले सित्तैंमा दिनुभएको अनुग्रहलाई हामीले स्वीकार गरेमात्र हाम्रो मन फर्काउन सक्छौं।

पानी, बेदी, बलि आदि सबैलाई भष्म पार्ने आगो आकाशबाट खस्यो। यो पनि अत्यन्तै अर्थपूर्ण छ। त्यो आगो कुनै पापी, अधर्मी, परमेश्वरप्रतिको आस्थालाई त्यागेर छोराछोरीहरूलाई आगोमा होम गरेर धर्म गर्ने दुष्ट इस्रायलीहरूमा परेन तर केवल बेदीमा मात्र पऱ्यो। त्यसको अर्थ त्यसले येशूलाई औंल्याएको थियो। भनिएको छ "उहाँ हाम्रो निम्ति पाप हुनुभयो ताकि उहाँमा नै हामी परमेश्वरको धर्मी जन हुनसकौं" (२ कोरन्थी ५:२१ रूपान्तरित)। त्यसको फलस्वरुप मानिसहरूको मुखबाट आफ्ना पापहरूको स्वीकार र परमेश्वरको प्रशंसाको आवाज घन्कियो। परमेश्वरको शक्तिको प्रदर्शनको बाबजुद पनि दुष्ट र अधर्मी पूजारीहरूले उहाँलाई ग्रहण गर्न

अस्वीकार गरेकोले तिनीहरू मारिन पुगे (जब येशू दोस्रो पल्ट आउनुहुनेछ दुष्टहरूको अवस्था पनि त्यस्तै हुनेछ)। अनि ताजा वर्षा भयो र भूमिमा गरिएको श्रापको अन्त भयो।

**तपाईंको घरको बेदीको अवस्था कस्तो छ? तपाईंको घरमा यदि बेदी भत्किएको छ भने त्यसलाई खास गरेर कसरी पुननिर्माण गर्न सक्नुहुन्छ?**

## ४. यर्दनतिर हृदयहरूलाई फर्काउनु

स्वर्गदूत गाब्रिएलले गरेको भविष्यवाणी (लूका १:१७) र भविष्यवाणी गरिएको एलिया ती नै हुन् भनेर येशूले अनुमोदन गर्नुभएको (मत्ती ११:१४,१७:१२,१३) सन्दर्भमा प्रभुको बाटो तयार पार्ने (मलाकी ३:१) सन्देशवाहक बप्तिस्मा दिने यूहन्ना नै हुन् भनेर सुसमाचारका लेखकहरूले पुष्टि गरेका थिए (मत्ती ११:१०, मर्कूस १:२, लूका ७:२७)।

**यूहन्नाको सन्देशको मूल विषयबस्तुहरू हेर्नुहोस्। उनको सन्देश कस्तो थियो जसले गर्दा मन फिर्नेभएको थियो? हेर्नुहोस् मत्ती ३:१-८ "१ त्यही समय बप्तिस्मा-दिने यूहन्ना यहूदियाको उजाड-स्थानमा आए, र यसो भन्दै प्रचार गर्न लागे, २ "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ।" ३ किनभने यी तिनै हुन्, जसको विषयमा यशैया अगमवक्ताद्वारा यसो भनिएको थियोः "उजाड-स्थानमा एक जना कराउनेको आवाज, 'परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ'।४ यूहन्नाले ऊँटका रौंको वस्त्र लाउँथे, र कम्मरमा छालाको पटुका बाँध्थे। तिनको खानेकुरा सलह र वन-मह थियो। ५ यरूशलेम र सबै यहूदिया, र यर्दन वरिपरिका इलाकाका सबै मानिसहरू तिनीकहाँ गए, ६ र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे। ७ तर फरिसीहरू र सदुकीहरूमध्ये धेरै जनालाई बप्तिस्मा लिन आइरहेका देखेर तिनले उनीहरूलाई भने, "सर्पका बच्चा हो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ।" मत्ती १४:१-४ "१ त्यस बेला गालील प्रदेशका शासक हेरोदले येशूको कीर्ति सुने। २ तिनले आफ्ना भारदारहरूलाई भने, "उनी बप्तिस्मा-दिने यूहन्ना हुन्। उनी मृतकबाट जीवित भएका छन्। यसैकारण शक्तिमा यी कामहरू उनीद्वारा भइरहेछन्।" ३ किनभने हेरोदले आफ्नो भाइ, फिलिपकी पत्नी हेरोदियासको खातिर यूहन्नालाई पक्री बाँधेर कारागारमा हालिदिएका थिए। ४ यूहन्नाले हेरोदलाई यसो भनेका थिए, "तपाईंले तिनलाई पत्नीको रूपमा राख्नु उचित**

हुँदैन।", लूका ३:१-१८ "१ कैसर तिबेरिअसका शासनकालको पन्ध्रौं वर्षमा पन्तियस पिलातस यहूदियाका हाकिम थिए। त्यस बेला हेरोद गालीलका शासक थिए, र तिनका भाइ फिलिप इतुरिया र त्राखोनितिसका शासक थिए, अनि लुसानियास अबिलेनेका शासक थिए। २ हन्नास र कैयाफाका प्रधान पूजाहारीगिरीको समयमा परमेश्वरको वचन उजाड-स्थानमा जकरियाका छोरा यूहन्नाकहाँ आयो। ३ तिनी पाप-क्षमाको निम्ति पश्चात्तापको बप्तिस्मा प्रचार गर्दै यर्दन नदीका आसपासका सबै इलाका हुँदो आए। ४ यशैया अगमवक्ताका वचनको पुस्तकमा यसो लेखिएको छ, "उजाड-स्थानमा एक जना कराउनेको आवाज, परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ। ५ हरेक घाटी पुरिनेछ, र हरेक पहाड र हरेक डाँड़ा समतल बनाइनेछ। र बाङ्गा-टेढ़ा सोझा हुनेछन्, र अप्ठेरा बाटाहरू सम्म हुनेछन्, ६ र सबै प्राणीले परमेश्वरको मुक्ति देख्नेछन्।" ७ यसकारण तिनीसँग बप्तिस्मा लिन आउने भीड़हरूलाई तिनले भने, "ए सर्पका बच्चा हो, आइलाग्ने क्रोधबाट भाग्न तिमीहरूलाई कसले चेताउनी दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ, र तिमीहरू आफै 'हाम्रा पिता अब्राहाम हुन्' भन्नपछि नलाग, किनभने म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरूबाट अब्राहामको निम्ति सन्तान उत्पन्न गर्न सक्नुहुन्छ। ९ अहिले बन्चरो रूखहरूको जरामा परिसकेको छ, यसकारण असल फल नदिने हरेक रूख ढालिनेछ, र आगोमा फालिनेछ।" १० मानिसहरूले यूहन्नालाई सोधे, "त्यसो भए हामीले के गर्ने?"

११ तिनले उनीहरूलाई जवाफ दिए, "जससँग दुई जोर दौरा छन्, त्यसले नहुनेलाई एउटा दिइहालोस्, र जससँग खानेकुरा छ, त्यसले पनि त्यसै गरोस्।" १२ कर उठाउनेहरू पनि बप्तिस्मा लिन आए, अनि तिनलाई सोधे, "गुरुज्यू, हामीले के गर्ने?" १३ तिनले उनीहरूलाई भने, "तिमीहरूलाई खटाएकोभन्दा बेसी नलेओ।" १४ सिपाहीहरूले पनि सोधे, "हामीले चाहिँ के गर्ने?" तिनले उनीहरूलाई भने, "कसैमाथि अत्याचार गरेर, र झूटो दोष लगाएर नलुट। आफ्ना तनखामा सन्तुष्ट रहो।" १५ जब मानिसहरू प्रतीक्षा गरिरहेका थिए, र सबै आफ्ना मनमा यूहन्नाको विषयमा शायद यिनी नै ख्रीष्ट हुन् कि भनी विचार गरिरहेका थिए, १६ तब यूहन्नाले ती सबैलाई जवाफ दिए, "म तिमीहरूलाई पानीले बप्तिस्मा दिन्छु, तर एक जना मभन्दा शक्तिशाली आउँदैहुनुहुन्छ, जसका जुत्ताको फित्ता खोल्ने लायकको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। १७ निफन्ने नाङ्लो

**उहाँको हातमा छ, जसद्वारा उहाँले आफ्नो खला राम्ररी सफा पार्नुहुनेछ, र गहूँ आफ्नो धनसारमा जम्मा गर्नुहुनेछ, तर भुसचाहिँ उहाँले ननिभ्ने आगोमा जलाउनुहुनेछ।" १८ यसरी अरू धेरै अर्तीहरूद्वारा शिक्षा दिएर यूहन्नाले मानिसहरूलाई सुसमाचार प्रचार गरे।"**

जसरी खेतबारीमा काम गर्नेले बारीको सुकेको भूमिलाई खनजोत गरेर बिऊको निम्ति तयार पार्छन् त्यसरी नै बप्तिस्मा दिने यूहन्नाले पापी र भ्रष्टहरूलाई पश्चाताप गर्न लगाएर तिनीहरूको हृदय येशूको निम्ति तयार पारेका थिए। मानिसको स्वभावै यस्तो छ कि आफूले आफैलाई नजाँची वा आत्मआलोचना नगरि, आफ्नो सही अवस्थाको थाहा नपाइ कसैलाई पनि कुनै उच्च आदर्शको बाटोमा हिँड्न आवश्यकता नै नभएको ठानिरहेका हुन्छन्। पवित्र जनहरू हुन परमेश्वरको पवित्रतातिर कसरी फर्किने र उहाँको सिद्ध धार्मिक स्वभाव धारण गर्न के गर्नुपर्छ भन्ने सन्देश यूहन्नाको थियो। जसले उसको सन्देशलाई ग्रहण गरेर मन परमेश्वरतर्फ फर्केको थियो। सही वा हृदयदेखि गरेको पश्चातापले मानिसलाई जहिले पनि नम्र र कोमल बनाउँछ र आफ्नो आचारणलाई परिवर्तन गर्न सहायताको निम्ति उसले परमेश्वरतिर हेरिरहेको हुन्छ। यहूदीहरू आफू जन्मजात पवित्र र स्वत मुक्तिको निम्ति चुनिएको जाति भनेर विश्वास गर्दथे। तर यूहन्नाले आफूहरू अब्राहमका सन्तान हौं भनेर दावी त गर्ने तर अब्राहमको आदर्शमा नहिँड्ने तिनीहरूको देखावटी र स्वार्थले भरिएको पाखण्डीपनाको यूहन्नाले भन्डाफोर गरेका थिए। मुखले प्रचार गर्‍यो भन्दैमा, छालाले, बंशले वा जातिले कसैलाई पनि स्वत मुक्ति दिँदैन तर विश्वासका पूर्खाहरूले गरेका विश्वासको गहिरो अनुभव प्रत्येक ईश्वरभक्तले गर्नु जरुरी ठान्नुपर्दछ।

**बप्तिस्मा दिने यूहन्नाको सन्देशले येशूको निम्ति बाटो कसरी तयार पारेको थियो? हेर्नुहोस् यूहन्ना १:२४-३७ "२४ तिनीहरूलाई (यूहन्नाको बारेमा पत्ता लगाउनेहरू) फरिसीहरूले पठाएका थिए। २५ अनि तिनीहरूले उनलाई सोधे "तिमी ख्रीष्ट पनि होइनौ, एलिया पनि होइनौ, त्यो अगमवक्ता पनि होइनौ भने, किन बप्तिस्मा दिन्छौ?"**

**२६ यूहन्नाले तिनीहरूलाई जवाफ दिए, "म त पानीले बप्तिस्मा दिन्छु, तर तिमीहरूका माझमा एक जना खड़ा हुनुहुन्छ, जसलाई तिमीहरू चिन्दैनौ। २७ मपछि आउनुहुने उहाँ नै हुनुहुन्छ। उहाँका जुत्ताको फित्ता खोल्ने योग्यको म छैनँ।" २८ यी कुरा यर्दन नदी पारि बेथानियामा भएका थिए, जहाँ यूहन्नाले**

बप्तिस्मा दिइरहेका थिए। २९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, 'मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।' ३१ म आफैले उहाँलाई चिनेको थिइनँ, तर उहाँ इस्राएलमा प्रकट होऊन् भनेर नै पानीले बप्तिस्मा दिँदै म आएँ।" ३२ यूहन्नाले यसो भन्दै गवाही दिए, "मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें। ३३ मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, 'जसमाथि तिमी पवित्र आत्मालाई ओर्लँदै र बस्दैगर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ।' ३४ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेश्वरका पुत्र उहाँ नै हुनुहुन्छ।" ३५ फेरि अर्को दिन यूहन्ना उनका चेलाहरूमध्ये दुई जनासँग उभिरहेका थिए। ३६ उनले येशूलाई गइरहनुभएको देखेर भने, "हेर, परमेश्वरका थुमा!" ३७ उनले भनेका यो कुरा सुनेर ती दुई चेलाहरू येशूको पछि लागे।" र यूहन्ना ३:२५-३० "२५ त्यसै बेला यूहन्नाका चेलाहरूको एउटा यहूदीसँग शुद्धीकरणको विषयमा वाद-विवाद भयो। २६ यूहन्नाकहाँ आएर तिनीहरूले उनलाई भने, "गुरुज्यू, यर्दन पारि जो तपाईंसँग हुनुहुन्थ्यो, जसको बारेमा तपाईंले गवाही दिनुभयो, हेर्नुहोस्, उहाँले बप्तिस्मा दिइरहनुभएको छ, र सबै उहाँकहाँ जाँदैछन्।" २७ यूहन्नाले जवाफ दिए, "मानिसलाई स्वर्गबाट नदिइएसम्म त्यसले कुनै कुरा पाउन सक्दैन। २८ 'म ख्रीष्ट होइनँ, तर म उहाँभन्दा अगाडि पठाइएको हुँ' भन्ने मेरो गवाही तिमीहरू आफै दिन्छौ। २९ जससँग दुलही छ, दुलहा त्यही हो। दुलहाको मित्र जो उसको छेउमा खड़ा हुन्छ, उसको सोर सुनेर अत्यन्त आनन्दित हुन्छ। यसकारण मेरो यो आनन्द अब पूर्ण भएको छ। ३० उहाँ बढ्नु, तर मचाहिँ घट्नु आवश्यक छ।"

येशू नै परमेश्वरको थुमा हुनुहुन्छ भनेर यूहन्नालाई ठोकुवा गरेर देखाइएको थियो। जब उनले येशू नै परमेश्वरको थुमा हुनुहुन्छ भनेर ठोकुवा गर्दै मानिसहरूलाई चिनाएका थिए (यूहन्ना १:२९,३०) तब उनले वास्तविकैरूपमा मानिसहरूको हृदय प्रभुतिर फर्काएका थिए। आन्द्रु र यूहन्नाको अर्को चेला यूहन्ना जसले त्यसबेलाको सुसमाचारको वृतान्त लेखेका थिए बप्तिस्मा दिने यूहन्नालाई छोडेर येशूकहाँ गएर उहाँका चेलाहरू बनेका

थिए। एलियाको सन्देशले पश्चाताप गर्नुपर्छ भनेर मात्र औंल्याउने नभइ पापबाट मुक्ति दिने येशूलाई पनि औंल्याउँदछ। त्यसको साथै येशूको बारेमा जान्न अझ उत्साहित बनाउँछ र उहाँको पछि लाग्नेले अरू मानिसहरूलाई उहाँलाई चिनाउन भरमग्दुर प्रयास गर्दछन्।

**यदि तपाईंको घरमा बप्तिस्मा दिने यूहन्ना आए भने उनले तपाईंलाई के भन्थे होलान्?**

## ५. युगको अन्तिम दिनहरूमा मानिसहरूको मन फर्काउनु

केही हदसम्म हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले हाम्रो भूमिका बप्तिस्मा दिने यूहन्नाको जस्तै छ भनेर दावी गर्दछौं। जब बप्तिस्मा दिने यूहन्नाले पश्चाताप गर्न र आफ्नो आचारण सुधार्न मानिसहरूलाई आह्वान गरे तब उनले येशूको प्रथम आगमनको निम्ति तिनीहरूको मनलाई तयार पारिरहेका थिए। हामी पनि त्यस अभियानमा लागिरहेका छौं जुन अभियानले येशूको दोस्रो आगमनलाई तयार पार्दछ।

**प्रार्थनापूर्बक लूका १:१७ पढ्नुहोस्। यसमा लेखिएका शब्दहरूले हामीहरूको सन्देशलाई आत्मसात् गर्न कसरी दिमागमा घुसार्दछ? हेर्नुहोस् "बाबुहरूका मन छोरा-छोरीहरूतिर र अनाज्ञाकारीहरूलाई धर्मीहरूको बुद्धितिर फर्काउन र प्रभुको निम्ति योग्य तुल्याइएको एक जाति तयार पार्न उहाँको अगि तिनी एलियाको आत्मा र शक्तिमा जानेछन्।"**

येशू ख्रीष्टको क्रुसको माध्यमबाट स्वर्गमा रहनुहुने परमेश्वर पिताले उहाँका छोराछोरीहरूका हृदयहरू उहाँतिर फर्काउनुभएको थियो साथै एक आपसतिर एक आपसको हृदय पनि उहाँले फर्काउनु भएको थियो। आश्चर्यजनक र मानिसको दिमागले पत्यारै गर्न नसक्ने सुसमाचारलाई विश्वास गर्न एलियाको सन्देशले नम्रभएर आह्वान गर्दछ (२ कोरन्थी ५:१६-२१ "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले

हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" र एफिसी २:११-१८ "११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं")। साथै त्यस सन्देशले मानिसहरूका हृदयहरू पवित्र आत्माको अनुग्रहले भरिएर तिनीहरूमा प्रेमको फसल होस् भन्ने चाहना गर्दछ।

आज निस्वार्थरूपमा हेरचाहा वास्ता वा एक आपसमा चासो देखाउने मानिस, क्षणिक होइन दिगो समर्पण तथा सत्यवादी हुने मानिस र मुखले मात्र प्रचार गर्ने नभएर कुनैप्रकारले पनि नहल्लिने परमेश्वरप्रतिको उपासना र भक्तिमा लागेको मानिस भेट्न हेर्न गाऱ्हो छ। परमेश्वरको अनुग्रहले सच्चा तथा पक्का इसाई परिवारले ती आवश्यकता पूरा भएको प्रदर्शन गरेर देखाउन सकिन्छ। यो पनि हामीले जान्नु आवश्यक छ कि जुन सन्देश संसारको निम्ति छ त्यो हाम्रो निम्ति पनि हो। जब हामीहरूको व्यक्तिगत जीवनमा र परिवारमा सुसमाचारका नीतिहरू, एकतामा बस्ने प्रतिवद्धता, प्रेममा रहने समर्पणता र आफ्नो भाऊ खोज्ने नभएर त्यागको भावनाले हामी अभिप्रेरित हुँदैनौ वा देखाउन सक्दैनौं तब सम्म अरूलाई सुनाउने सन्देश प्रभावकारी हुँदैन त्यो

केवल ढ्वाङ फुके जस्तो मात्र हुन्छ। सबै प्रभावकारी प्रवचनहरू, बाइबलको शिक्षादीक्षालाई जुनसुकै तर्क गरेर प्रस्तुत गरेतापनि ती पर्याप्त छैनन्। हामीले सुनाएका सन्देश र हामीले विश्वास गरेका सुसमाचारका नीतिहरू हाम्रो व्यक्तिगत जीवन र परिवारको जीवनले प्रदर्शन गरेर देखाउनै पर्छ। हामी पश्चातापको सन्देश दिन्छौं, हामी मानिसहरूको हृदयमा आमूल परिवर्तन हुनुपर्छ भनेर सिकाउँछौं वा प्रचार गर्छौं, हामीले प्रेमको बारेमा व्याख्या गरेर सिकाउँछौं र हामीमा भएको सुसमाचारको सन्देश अरूलाई सुनाउनुपर्छ भन्ने बोझ बोक्छौं तर हाम्रो आफ्नै हृदय आमूलरूपमा परमेश्वरको अनुग्रहले परिवर्तन भएन भने हामीले सुनाउने सन्देशको औचित्य के? जसरी बप्तिस्मा दिने यूहन्नामा मानिसहरूलाई परिवर्तन गर्ने शक्ति थियो जसले गर्दा उनको प्रचार प्रभावकारी भएको थियो, त्यसरी नै परमेश्वरको अनुग्रहले हामी पनि त्यही गर्न सक्छौं। परमेश्वरको बारेमा सुनाउने प्रभावकारिता हामीमा त्यसबेला हुन्छ जब हामी उहाँको वचनसँग तालमेल गरेर चल्ने चाहना गर्दछौं। (अर्थात् यदि हामी परमेश्वरसँग हिंड्न समर्पित भयौं भने उहाँपनि हामीसँग हिंड्न कतिबद्ध हुनुहुनेछ-अनुवादकको ठोकुवा)।

हामी यस संसारमा रहेतापनि येशूद्वारा हामीहरू स्वर्गको परिवारको भाग हौं (एफिसी ३:१५)। त्यसकारण हामी चाहे एक्लै भएको परिवारका होऔं वा परिवारमा सदस्यहरू भएको परिवारा होऔं हामीले सेवा गर्ने परमेश्वर नै परमेश्वर हुनुहुन्छ भनेर दावी गर्छौं भने उहाँको निम्ति गवाही हुन हामीलाई बोलाइएको छ। सुसमाचारको शक्तिले चाहे एक्लो, थोरै वा धेरै परिवारलाई परमेश्वरले कसरी परिवर्तन गर्नुभयो र उहाँको चालमा कसरी हिंडिरहेका छौं त्यो जस्तो देखाउने गवाही अरू कुनै प्रभावकारी हुँदैन।

**तपाईंको परिवार वा नजिकको आफन्त वा कोही होस् उसलाई तपाईंले माया गर्नुहुन्छ र उसको हितप्रति तपाईंको वास्ता छ भनेर विशेष गरेर कसरी देखाउन सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटका देहायका सामग्रीहरू पढ्नुहोस्: *प्रोफेटस एण्ड किङ्गस,* पृ. १४३-१५४को "कार्मेल" र *द डिजाएर अभ एजेज,* पृ. ९७-१०८को "द भ्वाइस अभ विल्डरनेस"।**

"हाम्रो सन्देश बप्तिस्मा दिने यूहन्नाको जस्तो सिधा र स्पष्ट हुनुपर्दछ। राजाले गरेका दुष्टताको निम्ति उनले राजालाई झपारेका थिए। आफ्नै

जीवनलाई जोखिममा पारेतापनि सत्यलाई उनले कहिल्यै पनि आफ्नो ओठबाट लुकाएनन्। यस युगमा पनि उनले जस्तै श्रद्धापूर्वक निष्ठावान भएर हामीहरूले काम गरेर देखाउनै पर्छ।"-एलेन जी ह्वाइट कमेन्टस्, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ४, पृ. ११८४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) तपाईंको स्थानीय चर्चका सदस्यहरूसँग एलियाको सन्देशको सार्थकता अर्थात् महत्त्वपूर्णताको बारेमा छलफल गर्नुहोस्। तपाईंको चर्चले यो सन्देशलाई बुझ्न र त्यसलाई फैलाउन प्रतिवद्धता देखाउन तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?

आ) "हृदय अर्थात् मन परिवर्तन" भएका मानिसहरूको व्यक्तिगत अनुभवहरूलाई सुन्नुहोस्। तिनीहरू कसरी परिवर्तन भए र केमा परिवर्तन भए? ती अनुभवहरूले तिनीहरूको र तिनीहरूका परिवारहरूको जीवनमा के असर पारेका थिए?

इ) यदि हामी आफैले बप्तिस्मा दिने यूहन्नाको भूमिका खेलेका छौं भने हामीमा के कुराको अपेक्षा गर्न सकिन्छ? त्यस जवाफमा के व्यवहारिक सन्देश पाइन्छ?

ई) "परिवारका नीतिहरूको घोषणा वा दस्तावेज" तयार पार्नुहोस्। त्यसमा बाइबलले परिवार कस्तो हुनुपर्छ भनेर बताए अनुसार त्यसका नीतिहरू लेख्नुहोस्। कुन् आधारमा तपाईंले ती नीतिहरूलाई कोर्नुहुन्छ? तपाईंले यस पुस्तकमा के पढ्नु र सिक्नुभयो जसले गर्दा त्यसलाई आधार बनाएर तपाईंले नीतिहरू बनाउनुहुन्छ? यो अरू विश्वासीहरूलाई पनि बाँड्नुहोस्।

उ) परमेश्वरबाट भागिहिँड्ने वा बरालिएर हिँड्ने तपाईंका छोराछोरीहरूको निम्ति तपाईं बाबुआमा हुनुभएको हैसियतले बाइबलमा भएका के प्रतिज्ञाहरू छन् ती तपाईंकै निम्ति हुन् भनेर दावी गर्न सक्नुहुन्छ?